२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरण कुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

**मु.नं. ९**

दुरसंचार कार्यालय पाटनमा टेलिकम सुपरभाइजर पदमा कार्यरत सुन्दर कुमार घिमिरे .........१ पुनरावेदक

**विरूद्ध**

नेपाल दुरसंचार कम्पनी लि. केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा, काठमाडौंका प्रबन्ध निर्देशक .१ विपक्षी

**विषय :- कार्यसम्पादन मुल्यांकन नम्बरको जानकारी पाउँ ।**

उपर्युक्त पुनरावेदकले नेपाल दुरसंचार कम्पनी लि. केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा, काठमाडौंका प्रबन्ध निर्देशकले कार्यसम्पादन मुल्यांकन नम्बर उपलब्ध नगराएकोले यस आयोगमा गरेको पुनरावेदनको सम्बन्धमा यस आयोगबाट मिति २०६६।१२।२७ मा निज पुनरावेदकलाई माग गरे बमोजिम कार्यसम्पादन मुल्यांकन नम्बर उपलब्ध गराउनू भनी नेपाल दुरसंचार कम्पनी लि. केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा, काठमाडौंका प्रबन्ध निर्देशकलाई आदेश भएकोमा उक्त आदेश विरुद्ध निज निर्देशकको तर्फबाट यस आयोग समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा रिट नं. ०६६-wo-१०७० को उत्प्रेषणयुक्त परमादेश रिट निवेदन दर्ता भई हालसम्म पनि विचाराधिन रहेकोले उक्त मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट फैसला भएपछि सोही बमोजिम जगाई कारवाही किनारा हुने नै हुँदा हाल प्रस्तुत पुनरावेदनलाई मुलुकी ऐन, अदालती बन्दोवस्ती महलको १२ नं. बमोजिम मुल्तवीमा राखिएको छ, प्रस्तुत पुनरावेदनको लगत मुल्तवीमा दर्ता गरी राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरण कुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल वैशाख २५ गते रोज ६ शुभम् ।